# निस्दी गाउँपालिकाको

# आ.व.२०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम


प्रस्तुतकर्ता

मुक्त बहादुर सारु

गाउँपालिका अध्यक्ष



मितिः२०७९/०३/१० गते शुक्रबार

[illegible] गरिमामय गाउँसभाका आदरणीय प्रमुख अतिथी ज्यू, विशिष्ट अतिथी ज्यू, सम्पूर्ण [illegible] ज्यूहरु तथा सम्पूर्ण उपस्थित महानुभावहरु,

नेपालको संविधान,२०७२ जारी भए पश्चात मुलुक संघीयतामा गएको परिप्रेक्ष्यमा हामीले लोकतन्त्रलाई संस्थागत् गर्न पहिलो पटक ५ वर्षे समयावधीमा जनताको [illegible] सरकारका रुपमा स्थानीय सरकारको सफल अभ्यास गरेका छौं । बालिग मताधिकारको निर्भिकता पूर्वक प्रयोग गर्न पाउने गरि भर्खरै निष्पक्ष, स्वतन्त्र, स्वच्छ र शान्तिपूर्ण रुपमा सम्पन्न स्थानीय तह सदस्य निर्वाचन,२०७९ ले लोकतन्त्रलाई सबलीकरण गर्दै जगैदेखि थप बलियो बनाएको हामीले अनुभूति गरेका छौ।यस सुखद [illegible] आजको यो गरिमामय गाउँसभालाई सम्बोधन गर्न पाउँदा म अत्यन्तै आनन्दित भएको छु ।यस सुअवसरमा देशको रक्षा, लोकतन्त्रको सवलीकरण र [illegible]का लागि आफ्नो ज्यानको बलिदानीपूर्ण तवरले आहुती दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरु प्रति नतमस्तक रहदै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। विभिन्न कालखण्डहरुमा भएका संघर्ष र आन्दोलनमा राज्य र जनतालाई कुशल नेतृत्व प्रदान गर्नुहुने सम्पूर्ण श्रद्धेय नेताहरु तथा ती संघर्षमा नागरिकले गरेको योगदान पनि हाम्रा लागि सदैव प्रेरणादायी रहेको छ ।

संघीयता कार्यान्वयन गर्ने चरणमा निर्वाचित पहिलो स्थानीय सरकारका ५ वर्ष नितान्त सिकाईका रुपमा रहे ।ऐन, कानूनको रिक्तता तथा अपर्याप्तता, कर्मचारी तथा साधन स्रोतको अभाव, न्युन संस्थागत क्षमता तथा झण्झटिलो प्रशासनिक प्रक्रिया, कोभिड संक्रमणको त्रास र निर्वाचित जनप्रतिनिधी एवं कर्मचारीहरुमा अनुभव र ज्ञानको कमि आदिका कारणले स्थानीय सरकारले सोचेजस्तो सफलता प्राप्त गर्न र गति लिन नसकेको तितो यथार्थ हामी माझ सर्वविदितै रहेको छ तर पनि ५ वर्ष अघिको निस्दी र वर्तमानको निस्दीमा हामीले धेरै सकारात्मक परिवर्तनहरु पाउँछौ र देख्न पनि सक्छौ ।विकट भौगोलिक अवस्था का कारण गाउँपालिकाका अधिकांश टोल बस्तीहरु ग्रामिण सडक संजालमा समेत आबद्ध हुन नसक्नु, सुरक्षित खानेपानीमा सबै नागरिकको पहुँच स्थापित गर्न नसकिनु, सिंचाईका

अध्यक्ष
बहादुर सारु
गाउँपालिका, पाल्पा

निस्दी गाउँपालिका
गाउँपालिकाको कार्यालय
लुम्बिनी प्रदेश,नेपाल

पूर्वाधारहरु निर्माण गर्नैपर्ने बाध्यात्मक अवस्था र संरचनात्मक पूर्वाधार विकास गर्नैपर्ने चुनौतीका बिचमा विगतका ५ वर्षहरु भौतिक विकासमा बढी केन्द्रित गाउँपालिकामा शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद, वन तथा वातावरण, विपद् तथा प्रकोप व्यवस्थापन, सूचना तथा सञ्चार, रोजगारी सिर्जना लगायतका क्षेत्रमा समेत उल्लेख्य प्रगति भएको कुरा यहाँहरु माझ स-गौरव राख्न चाहान्छु ।

**आदरणीय प्रमुख अतिथी ज्यू, विशिष्ट अतिथी ज्यू, सम्पूर्ण अतिथी ज्यूहरु तथा सम्पूर्ण उपस्थित महानुभावहरु,**

नेपालको संविधान २०७२ ले स्थानिय सरकारको परिकल्पना गरे अनुसार २०७९ वैशाख ३० गते सम्पन्न दोस्रो स्थानीय तह सदस्यको निर्वाचन सम्पन्न भए जनताको जनमतले हामी निर्वाचित भई यस निस्दी गाउँपालिकाको नेतृत्व गरेका छौं । विगत ५ वर्षको कार्यकालमा हामीलाई गाउँपालिकाको विकास सहयोग गर्ने राजनीतिक दल, कर्मचारी प्रशासन,सामाजसेवी,बुद्धजीवी, नागरिक समाज, निजि क्षेत्र, गै.स.स. तथा आम जनसमुदायको रचनात्मक एवं सहयोगका लागि म सबै प्रति हार्दिक कृतज्ञता प्रकट गर्दै आगामी दिनमा समेत हामी जनप्रतिनिधीलाई यस्तै निरन्तर सहयोगको अपेक्षा गर्दछु । साथै नेपाल सरकारको **"समृद्ध नेपाल, सुखी नेपाली"** भन्ने नारालाई आत्मसात गर्दै निस्दी गाउँपालिका भित्रका नागरिकहरुलाई समृद्ध र सुखी बनाउन हामी निर्वाचित सम्पूर्ण प्रतिनिधीहरु फुटेर होइन जुटेर, वहुमतिय हैन सहमतिय सहमतबाट विकास निर्माणमा एकजुट भई अगाडि बढ्ने प्रण गरौं ।

**गाउँपालिकाको दीर्घकालिन सोच :**

आय वृद्धि, गुणस्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिम न्यूनीकरण गर्दै वि.सं. सम्म अतिकम विकसित गाउँपालिकाबाट विकासशील गाउँपालिकामा स्तरोन्नती गर्ने ।

योजना तर्जुमाका आधारहरु

- नेपालको संविधान,
- स्थानीय सरकार संचालन ऐन, २०७४
- नेपाल सरकार र लुम्बिनी प्रदेश सरकार आ.व ०७९/०८० को नीति तथा कार्यक्रम,

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- संघ र प्रदेशको आवधिक योजना,
- स्थानीय स्रोत साधन,
- संघ, प्रदेश र स्थानीय तहले जारी गरेका नीति, कानून तथा मापदण्डहरु,
- निस्दी गाउँपालिकाको आवधिक योजना,
- दिगो विकास लक्ष्य,

आगामि आ.व. २०७९/०८० **को लागि तय भएका प्राथमिकताका क्षेत्रहरुः-**

- शिक्षा तथा स्वास्थ्य
- आत्म निर्भर हुने गरी कृषि तथा पशु उत्पादनमुखी, व्यवसायमुखी तथा स्वरोजगारमुखी कार्यक्रमहरु,
- सामाजिक विकास अन्तरगतको खानेपानी योजना,
- विपद तथा प्रकोप नियन्त्रण तथा व्यवस्थापन,
- मगर भाषा, साहित्य,कला संस्कृतिको संरक्षण र प्रवर्द्धन,
- गरिवी निवारण, पूर्ण सरसफाई तथा लैगिंक तथा समावेशी विकासका लागि सामाजिक परिचालन कार्यक्रम,
- महिला बालबालिका तथा पिछडिएको क्षेत्रका समुदायलाई प्रत्यक्ष लाभ पुऱ्याउने कार्यक्रम,
- दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने कार्यक्रम,
- स्थानीय स्रोत साधन र सीपको उच्चतम प्रयोग गरी रोजगारी सिर्जना ।
- संस्थागत विकास तथा सुशासन,

**श्रद्धेय प्रमुख अतिथी एवंम उपस्थित महानुभावज्युहरु,**आ.ब. २०७९/०८० का लागि निस्दी गाउँपालिकाको समग्र विकास नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक विकास:

क. कृषि तथा पशु विकास तर्फ:

कृषि तथा पशु विकास नीति :

क. कृषि तथा पशुसंग सम्बन्धित पेशालाई जनताको आर्थिक समुन्नती संग आवद्ध गर्दै सम्मानित पेशाका रुपमा विकसित गर्न विभिन्न आयमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ख. कृषि तथा पशु कार्यक्रमको व्यवसायीकरण गर्न क्षेत्र विस्तार, विविधिकरण एवं बजारीकरण मा जोड दिईनेछ ।

ग. युवा श्रम र सीपलाई कृषि एवं पशुपालन तर्फ आकर्षित गर्न विभिन्न युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

घ. कृषि तथा पशु उपजहरुको बिक्री वितरणलाई प्रभावकारी बनाउन समूह/सहकारी मार्फत हुने र गर्ने व्यवस्था मिलाइनेछ। समूह/ सहकारी मार्फत बिक्री वितरण हुने उपजहरुमा उत्पादनका आधारमा अनुदान दिने र ढुवानीमा समेत अनुदान दिने व्यवस्था मिलाइनेछ । कृषि एम्बुलेन्सको उचित व्यवस्था मिलाइनेछ ।

ङ. १० लाख भन्दा माथि कृषि ऋण लिई कृषि वा पशुपालन गरर्ने कृषकलाई बैङ्कको ब्याज अनुदानमा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

च. " रैथानेलाई नबिर्सि, आधुनिकतातिर उन्मुख गराऔं है कृषि " भन्ने नारालाई आत्मसात गर्दै रैथाने बाली एवं पशुको उचित संरक्षण र प्रवर्द्धनमा जोड दिदै उन्नत जातका फलफूल, तरकारी एवं पशुहरुको खेती तथा उत्पादनमा जोड दिइनेछ।

छ. गाउँपालिकाका कृषि तथा पशुजन्य उत्पादनको बजारीकरण एवं बिक्री वितरण गर्न छिमेकी बजारमा " निस्दी घर " अवधारणा ल्याइनेछ ।

ज. गाउँपालिकालाई मासु, अण्डा, दुध र तरकारीमा आत्मनिर्भर गाउँपालिका निर्माण गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

झ. एक गाउँ दुई पकेट क्षेत्र तथा एक घर एक टनेल एक पोखरी एक करेसाबारी कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

ञ. फलफूल तथा घाँस विकासको लागि पालिका स्तरीय नर्सरी स्रोत केन्द्र स्थापना गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

ट. सिंचाई सुविधा वृद्धि गर्दै बाँझो जग्गामा खेती, करार खेती एवं चक्लाबन्दी खेतीलाई प्रोत्साहन गरिनेछ ।

ठ. मल, बीउ, कीटनाशक आदिमा ७५% अनुदान तथा कृषि यान्त्रिकरणमा ५०% अनुदान उपलब्ध गराइनेछ ।

ड. कृषि तथा पशु कार्यक्रमहरु सहकारी तथा गैर सरकारी संस्था बिच समन्वय गरि साझेदारी कार्यक्रम मार्फत सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

अध्यक्ष
गुर्ज बहादुर साह
निस्दी गाउँ पालिका, पाल्पा

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल पाल्पा

- प्राङ्गारिक खेती, गोठ/ भकारो सुधार कार्यक्रम तथा नश्ल सुधार कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । स्याउ, कुरिलो, [illegible] खेती आदिमा जोड दिइनेछ ।
- कृषि तथा पशुसंग सम्वन्धित विभिन्न **अभिमुखिकरण** तथा अन्तर्क्रिया कार्यक्रमहरु तथा अन्य आवश्यक तालीमहरु सञ्चालन गरिनेछ ।
- कृषि तथा पशु बीमा कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

**घरेलु तथा साना उद्योग तर्फको नीति :**

- स्थानीय साधन स्रोत, सीप तथा प्रविधिमा आधारित साना तथा घरेलु उद्योगलाई प्रोत्साहन, प्रवर्द्धन तथा सम्वर्द्धन गरिनेछ ।
- युवा तथा महिलालाई उद्योगधन्दा तर्फ आकर्षित गर्न विभिन्न प्रकारका व्यावसयिक अनुदानहरु उपलब्ध गराइनेछ ।
- नयाँ नयाँ व्यवसायका क्षेत्रहरु पहिचान गरि उद्यमशीलता सम्वन्धी विभिन्न तालीमहरु सञ्चालन गरिनेछ ।
- [illegible] कार्यालय तथा विभिन्न संघसंस्थाहरु संग समन्वय सहकार्य गरि घरेलु उद्योग सम्बन्धी बिभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**पर्यटन नीति :**

- निर्मित पर्यटन गुरुयोजनाको आधारमा धार्मिक तथा पर्यटकीय स्थलहरु क्रमश निर्माण गर्दै लगिनेछ ।
- पर्यटकलाई आकर्षित गर्न गाउँपालिकाको साँस्कृतिक, धार्मिक, मौलिक तथा परम्परागत सँस्कृति झल्किने गरि कम्तिमा एक स्थानमा होमस्टे सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

- कहुले घर आँखाको नानी, मगर कला र संस्कृतिको धनी नारालाई सार्थकता दिदै पुरानो भेषभुषा, नाच, स्थानीय उत्पादनको खाना, ढिकी, झाँतो तथा कुंडुले घरहरुको संरक्षण र निर्माण कार्यमा आर्थिक सहयोग दिइनेछ ।
- मगर संस्कृतिको जगेर्ना गर्न ठूलोनाच, घाटु नाच, कौरा नाच, झ्याउरे नाचको हरेक वर्ष पालिका स्तरीय प्रदर्शन प्रतियोगिता मार्फत पर्यटनमा जोड दिइनेछ ।
- रिम्धी पर्यटन तथा खेलकुद महोत्सव सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

## सहकारी तथा गरिवी निवारण:

- अर्थतन्त्रका तिन खम्वा मध्ये महत्वपूर्ण एक खम्वाका रुपमा रहेको सहकारीको सवलीकरण गरि कृषि, पशु, रोजगार, गरिवी निवारण र उद्यमशीलता सम्बन्धी कार्यक्रमहरु सहकारीसंगको समन्वय र सहकार्यमा गर्ने व्यवस्था मिलाइनेछ ।
- सहकारीलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक पर्ने विभिन्न तालीमहरु सञ्चालन गरिनेछ ।
- सहकारीबाट हुन सक्ने खराव कर्जा प्रवाह, आर्थिक अनियमितता, अव्यवस्थित अभिलेखीकरणलाई न्यून गर्न सफ्टवयर अनिवार्य गर्ने नीति अवलम्बन गरिनेछ ।
- सहकारीको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

- नमूनाका रुपमा स्थापित हुन सफल हुने सहकारीहरुलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।

**ग. वित्तीय क्षेत्र**

- [illegible] बैंकको शाखा निस्दी ५ ढुंगानाबेशीमा रहेकोमा गाउँपालिकाको सहजताको लागि अन्य बैंकहरु संग परामर्श गरी स्थापना गर्न जोड दिईनेछ ।
- एक नागरिक एक बैङ्क खाता कार्यक्रम लागू गरिनेछ ।

## सामाजिक विकास तर्फ

### क. शिक्षा :

- प्रकोप तथा विपदका कारण प्रभावित हुन सक्ने पठनपाठनलाई निरन्तरता दिन बैकल्पिक प्रणालीबाट सिकाई सहजीकरणका विविध आयामलाई प्रभावकारी ढंगले अवलम्बन र कार्यान्वयन गरिनेछ। नियमित कक्षा संचालनलाई थप प्रभावकारी र व्यवस्थित गरिनेछ।
- मौलिक हकका रुपमा रहेको शिक्षामा सम्पूर्ण बालबालिकाको पहुँच स्थापित गरिनेछ ।यसका लागि बिद्यार्थी झिकाउ, टिकाउ, सिकाउ र बिकाउ कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- गाउँ शिक्षा ऐन, गाउँ शिक्षा योजना तथा अन्य आवश्यक कानूनहरु निर्माण गरिनेछ ।
- संचालित कक्षा, विद्यार्थी संख्या, शिक्षक विद्यार्थी अनुपातका आधारमा दरवन्दी पुनरावलोकन गरिनेछ। उच्च विद्यार्थी संख्या तर न्यून शिक्षक दरवन्दी भएका विद्यालयमा शिक्षक अनुदानको व्यवस्था गरिनेछ। आवश्यकता र औचित्यका आधारमा कक्षा थप, विद्यालय समायोजन र एकीकरण गरिनेछ।
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यकमको कार्यान्वयनलाई व्यवस्थित गरिनेछ। प्राथमिक उपचार, औषधि बाकस व्यवस्थापनलाई सुदृढ बनाइनेछ। दिवाखाजा कार्यकम व्यवस्थित रुपमा लागू गरिनेछ। सेनेटरी प्याड व्यवस्थापन गरिनेछ।
- प्रारम्भिक वालविकास केन्दहरुलाई आवश्यकता र औचित्यका आधारमा नयां थप, बिस्तार, समायोजन र सबल बनाइनेछ। स.का.हरुका लागि थप तालिमको व्यवस्था गरिनेछ।
- विद्यालयको सर्वपक्षिय सुधारका निम्ति अभिभावक शिक्षा कार्यकम, वि.व्य.स.,शि.अ.सं.का पदाधिकारी एवं प्र. अ. का लागि व्यवस्थापकीय, प्रशासनिक र नेतृत्व क्षमता विकास तालिम तथा बिभिन्न विषयगत तालीमहरु, ICT सम्बन्धी तालीम तथा विधार्थीहरुका लागि समेत बिभिन्न कार्यकमहरु सञ्चालन गरिनेछ।
- एक वडा एक नमूना विद्यालय कार्यक्रम सञ्चालन गरिनेछ ।नमूना विद्यालयको सवलीकरणमा जोड दिइनेछ ।
- विद्यालय निरीक्षण, अनुगमन तथा मूल्याङकन र कक्षा अवलोकनलाई प्रभावकारी बनाइनेछ।
- नमुना विद्यालय अवलोकन भ्रमण, विद्यालय आन्तरिक भ्रमण कार्यकमहरु सञ्चालन गरिनेछ।
- विद्यालयलाई दिगो विकासका लक्ष्यहरु Green, Clean, Peace, Safe को अवधारणा अनुसार विकास गर्न जोड दिईनेछ। बगैंचा, फुलबारी, करेसाबारी र फोहरमैला व्यवस्थापनमा सुधार गरिनेछ।

- विद्यालयमा शैक्षिक सामग्री व्यवस्थापन, निर्माण र प्रयोगलाई जोड दिइनेछ । अर्धवार्षिक रुपमा पालिका स्तरीय खेलकुद, अतिरिक्त क्रियाकलापहरु तथा शैक्षिक प्रदर्शनी कार्यक्रम सञ्चालन गरिनेछ ।
- माध्यमिक विद्यालयहरुमा आवश्यकताका आधारमा क्रमिक रुपमा छात्राबास निर्माण तथा सञ्चालन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।
- मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरि गाउँपालिकामा कम्तिमा एक वटा स्नातक तह अध्ययन गर्ने विद्यालय स्थापना तथा +२ मा शिक्षा विज्ञान अध्ययन अध्यापन गर्ने वातावरण मिलाइनेछ ।
- आधारभूत तह उत्तिर्ण परीक्षा, कक्षा ३ र ५ को उपलब्धी परीक्षा लगायत विद्यालय स्तरका परीक्षा गाउँपालिका स्तरीय रुपमा व्यवस्थित र मर्यादित तवरले सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- पाठ्यक्रम प्रवोधिकरण कार्यक्रम मार्फत मूल्यांकन प्रणाली र शिक्षण सिकाई सहजिकरणलाई व्यवस्थित गरिनेछ । शिक्षामा नविनतम प्रविधि, विधि र आयामलाई अवलम्बन गरिनेछ ।
- विद्यालयगत, कक्षागत, तहगत सिकाइ उपलब्धी सुधार गर्न जोड दिइनेछ ।
- उत्कृष्ट नतिजा हासिल गर्ने, गराउने विद्यालय, शिक्षक, विद्यार्थीलाई पुरस्कृत र न्यून नतिजा हासिल गराउनेलाई सचेत गराईनेछ ।
- विद्यालय शिक्षालाई प्रविधि, सिप र जीवीकोपार्जनसंग जोड्न जोड दिइनेछ । प्राविधिक धार अध्ययन गर्न प्रोत्साहन गरिनेछ ।
- स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयनमा जोड दिइनेछ ।
- शिक्षाको गुणस्तरमा सुधार ल्याउन वि.व्य.स., प्रधानाध्यापक र शिक्षकसंग कार्यसम्पादन करार गरिनेछ ।प्र.अ. बाट वार्षिक कार्ययोजना निर्माण गर्न लगाई मासिक रुपमा कार्यपालिकामा प्रतिवेदन पेश गर्नुपर्ने अनिवार्य व्यवस्था गरिनेछ।
- विद्यालयमा बाल मञ्च, जुनियर रेडक्रस सर्कल, स्काउट आदि गठन गरि प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

**स्वास्थ्य तर्फ :**

१. नेपालको संविधान २०७२ धारा ३५ मा उल्लेखित स्वास्थ्य सम्बन्धि गरेको व्यवस्था अनुसार यस पालिकाबाट आधारभूत स्वास्थ्य सेवाहरु ( प्रतिकारात्मक सेवा,प्रवर्द्धनात्मक सेवा,उपचारात्मक सेवा र पुनर्स्थापनात्मक सेवा ) निशुल्क रुपमा सर्वसुलभ तरिकाले जनताको पहुँच सम्म पुर्याईने छ साथै तथा व्यवस्थित गर्दै लगिनेछ ।

२. कोभिड-१९ संक्रमण नियन्त्रण,रोकथाम,व्यवस्थापन खोप कार्यक्रमहरु प्रभावकारी रुपले सञ्चालन गरिनेछ ।

अध्यक्ष
निस्दी गाउँपालिका, पाल्पा

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश नेपाल

स्वास्थ्य सेवाहरु गुणस्तरिय विश्वसनिय तथा व्यवस्थित गर्नकोलागि मित्याल स्वास्थ्य चौकीमा मेडिकल अधिकृत (डाक्टर) करार सेवामा नियुक्त गरि स्वास्थ्य सेवा उपलब्ध गराईने छ। साथै समय समयमा महिनाको कम्तिमा १ पटक सबै वडाहरुमा डाक्टर सहितको घुम्ति सेवा संचालन गरिनेछ ।

जेष्ठ नागरिक र अपांग भएका व्यक्तिहरुसंग **अध्यक्ष कार्यक्रम** लाई निरन्तरता दिईनेछ । जसमा

- ७० वर्ष पुरा गरेका जेष्ठ नागरिक र अपांग भएका व्यक्तिहरु रातो कार्ड पाएका अति अशक्त अपांगहरुलाई स्वास्थ्य कर्मीहरु घरमै गई बर्षको २ पटक स्वास्थ्य जाँच तथा प्राथमिक उपचारको व्यवस्था गरिनेछ ।

बिरामीहरु विशेषगरी उच्च रक्तचाप र मधुमेह(सुगर )को आधारभूत औषधी एम्लोडिपिन (Amlodipine) र मेटफर्मिन (Metformin) निःशुल्क रुपमा वितरण गर्ने कार्यक्रम निरन्तरता दिईनेछ ।

सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउन **गर्भवती,सुत्केरी, र नवजात शिशु संग**

[illegible] कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

- प्रत्येक गर्भवतीमहिलाहरुलाई निशुल्क क्याल्सियम वितरण गरिनेछ ।
- अण्डा र झण्डा कार्यक्रम संचालन गरिनेछ ।
- गर्भवती महिलाहरुलाई गर्भवती जाँच गराउन नियमित रुपमा स्वास्थ्य संस्थामा आउदा संगै आउने महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई यातायात खर्च व्यवस्था गरिनेछ ।
- यस पालिका भित्रका स्वास्थ्य संस्थामा सुत्केरी हुन आई रेफर गर्न परेमा निःशुल्क एम्बुलेन्स व्यवस्था गरिनेछ ।

गर्भवती लक्षित अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालन गरिनेछ।

शिशु तथा बाल्यकालिन पोषण कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित र नियमित गर्नकोलागि २४ महिना मुनिका बालबालिकाहरुलाई २४ पटक नियमित बृद्दि (तौल) अनुगमन गर्ने, बालभिटा खुवाउने र राष्ट्रिय खोप कार्यक्रममा नियमित रुपमा सहभगि हुने अभिभावकलाई पुरस्कृत/यातायातको व्यवस्था गरिनेछ ।

किशोर मैत्री स्वास्थ्य संस्था घोषणा कार्यक्रम संचालन गरिने छ।

बहिरंग उपचार केन्द्र(OTC) स्थापना गरिनेछ ।

सुनौलो १००० दिनका आमाको पोषण सम्बन्धि कार्यक्रमहरु संचालन गरिनेछ ।

अध्यक्ष
मुसिकोट गाउँ पालिका, पाल्पा

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल पाल्पा

पूर्ण संस्थागत सूत्केरी संस्था(जिरो होम डेलिभरी )घोषणा कार्यक्रमको लागि पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गर्दै लगिनेछ ।

पूर्ण सरसफाई पालिका घोषणा कार्यक्रमको लागि वडाबाट पूर्ण सरसफाई कार्यक्रमहरु संचालन गरि वडा घोषणा गर्दै लगिनेछ ।

ल्याब सेन्टर सवसेन्टर स्थापनाको लागि स्वास्थ्य कार्यालय पाल्पा संग समन्वय गरि पहल गरिनेछ ।

स्वास्थ्य संस्था,बाह्य खोपकेन्द्र तथा गाउँघर क्लिनिकहरु सुदृढ र व्यवस्थित गर्दै लगिनेछ आवश्यकता अनुसार थप गर्दै लगिनेछ ।

स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता अभिवृद्धि तथा प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ । स्वास्थ्य स्वयं सेविकाहरुलाई सम्मानजनक बिदाईका कार्यक्रमहरु सञ्चालन गरिनेछ । आवश्यकता अनुसार दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।

स्वास्थ्य आमा समूहलाई नियमितता र प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

प्रयोगशाला सेवा संचालन तथा व्यवस्थित गर्दै आवश्यकता अनुसार थप गर्दै लगिनेछ ।

स्वास्थ्य बिमालाई प्रभावकारी रुपमा संचालन गर्न र अधिकतम सेवाग्राहीसम्म पुर्याउनको लागि अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिनेछ ।

विद्यालय स्वास्थ्य कार्यक्रम,गाउँघर क्लिनिक सेवा तथा आमा समूह संचालन व्यवस्थित र नियमित संचालन गर्दै लगिनेछ ।

६० वर्ष माथिका नागरिकहरुलाई सुगर रोग र उच्च रक्त चाप परिक्षण कार्यक्रम संचालन गरिने छ।

आधारभूत स्वास्थ्य सेवा विस्तारको लागि आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य ईकाइ विस्तार गर्दै लगिनेछ ।

स्वास्थ्य संस्था सुदढिकरणको लागि संस्थाहरुको सामाजिक परिक्षण तथा स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समितिको अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिनेछ ।

संघ,प्रदेश र अन्य निकायसंग समन्वय गरि विशषेज्ञ स्वास्थ्य शिविरहरु संचालन गरिनेछ ।

**खानेपानी तथा सरसफाईतर्फ :**

- प्रत्येक टोलमा खानेपानी धारा निर्माण अभियान संचालन गरि एक घर एक धारा अभियान समेत संचालन गरिनेछ ।
- खानेपानी को साथ साथै सरसफाई तथा पूर्ण सरसफाई कार्यक्रम संचालन गरिनेछ ।
- खानेपानी आयोजनालाई दिगो र टिकाउ बनाउनको लागि समुदायलाई योजना हस्तान्तरण गरि समुदायवाट नै मर्मत संभारको व्यवस्था मिलाइनेछ ।
- खानेपानी नपुगेका टोल र वस्तीहरुमा लिफ्टिङ तथा ग्राभिटी मार्फत खानेपानीको व्यवस्था गरिनेछ ।

अध्यक्ष
बहादुर
रिब्दी गाउँ पालिका, पाल्पा

रिब्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश नेपाल

- सरसफाई सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गरिनेछ । वि.सं. २०८३ भित्र पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ठूला खानेपानीका आयोजना निर्माण र सम्पन्न गर्नका लागि संघ वा प्रदेश सरकार समक्ष आवश्यक पहल गरिनेछ ।
- फोहरमैला व्यवस्थापन गर्न प्रत्येक वडामा फोहरमैला विर्सजन स्थल निर्माण गरिनेछ तथा गाउँपालिका स्तरमा ल्यान्ड फिल्ड साईड निर्माण गरिनेछ ।

**ग. संस्कृति प्रवर्द्धन :**

- यहाँको भाषा कला परम्परालाई जीवन्त बनाउन भाषा, संस्कृतिको संरक्षण गरिनेछ ।
- यहाँका परम्परागत कुंडुले घर जोगाई राख्नको निम्ति कुंडुले घर निर्माणमा अनुदान दिइनेछ ।
- कौरा नाच, घाटु नाच लगायतका अन्य नाच तथा गीतहरुको बार्षिक रुपमा प्रतियोगिता संचालन गरिनेछ ।
- धार्मिक तथा सांस्कृतिक सम्पदालाई व्यवस्थित गर्दै विभिन्न मठ, मन्दिर, गुम्बा, विहार स्थापनामा जोड दिइनेछ ।
- वार्षिक रुपमा सांस्कृतिक महोत्सव आयोजना गरिनेछ ।

**घ. खेलकुद तथा मनोरञ्जन :**

- गाउँपालिकास्तरको खेलमैदानको स्तर अझ विस्तार गर्न केन्द्र सरकारसंग पहल गरिनेछ ।
- राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई व्यवस्थित रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।
- एक वडा एक खेलमैदान,एक बाल उद्यान, कार्यक्रम सुरुवात गरिनेछ ।
- पालिका स्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्नुका साथै बार्षिक रुपमा खेल महोत्सवको आयोजना गरिनेछ ।
- राष्ट्रिय स्तरका खेलाडीहरु उत्पादन गर्नका लागि विभिन्न खेलका क्लोज क्याम्पहरु सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- युवाहरुलाई खेलकुद प्रति आकर्षित गर्न खेलकुद सामाग्री वितरण, खेलाडी बिमा कार्यक्रम तथा पालिका बाहिर गाउँपालिकाको प्रतिनिधित्व गर्ने गरि खेल प्रतियोगितामा भाग लिन जाने खेलाडीहरुका लागि प्रेषण कोषको स्थापना गरि जर्सी, यातायात तथा खाना खाजा खर्च उपलब्ध गराउने व्यवस्था गरिनेछ प्रतियोगितामा विजयी हुने खेलाडीहरुका लागि सम्मान कार्यक्रम आयोजना गरिनेछ ।
- विभिन्न खेलका रेफ्री तालीमहरु सञ्चालन गरिनेछ ।

**ङ. लैंगिक समानता तथा सामाजिक समावेशीकरण:**

महिला

- महिलाहरुलाई स्वरोजगारमुलक बनाउनको लागि सीपमुलक तालीमको व्यवस्था गरिनेछ ।

- विपन्न तथा आर्थिक अवस्था कमजोर भएका तालीमप्राप्त महिलाहरुले व्यवसाय सञ्चालन गर्न चाहेमा गाउँपालिकाबाट अनुदानको साथै आवश्यक सामाग्रीको व्यवस्था गरिनेछ ।
- लैंगिक हिंसा अन्त्यका लागि चेतनामूलक अभियान सञ्चालन गरिनेछ ।
- महिलाहरुको नेतृत्व विकासका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- समाजमा विद्यमान रहेको छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास,लैंगिक विभेद र हिंसाका घटनाहरु न्यूनीकरणका लागि स्थानीय नीति तथा कार्यक्रम तर्जुमा गरी वडामार्फत सामाजिक परिचालनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- महिलाहरुको हक, अधिकार र कर्तव्य प्रति सजग र सचेत बनाउनको लागि महिला हक अधिकार सम्बन्धी कानूनी प्रशिक्षण दिईनेछ ।
- बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, लैंगिक हिंसाबाट प्रभावित भएका व्यक्तिहरुको लागि पुनर्स्थापना केन्द्रको व्यवस्था गरिनेछ ।
- बालविवाह, बहुविवाह अन्त्य गर्नको लागि किशोर-किशोरीहरुलाई परिचालन गरि विभिन्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- लैंगिक हिंसा निवारण कोष सञ्चालन गरी हिंसाबाट प्रभावित व्यक्तिहरुलाई तत्काल उद्धार तथा पुर्नस्थापना गरिनेछ ।

**बालबालिका**

- बाल विवाहको रोकथाम तथा अन्त्यका लागि बालिका लक्षित शैक्षिक सहायता, बिमा, बचत कार्यक्रम जस्ता कार्यक्रम लागू गर्ने र सचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।
- स्थानीय तह अन्तर्गत बालिकामैत्री, अपांगमैत्री सुरक्षित विद्यालय तथा स्वास्थ्य केन्द्रहरुको प्रवर्धन गर्न पूर्वाधार सुधार तथा विद्यालयमा स्यानिटरी प्याड, बालिका र अपांगता लक्षित खेलकुद लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।
- बाल क्लब तथा बाल सञ्जालहरुको क्षमता विकास, दर्ता तथा बालबालिकाको नेतृत्वमा विभिन्न कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- बालअनुकूल स्थानीय तह, बालमैत्री स्थानीय तह घोषणा कार्यक्रमलाई विशेष अभियानका रुपमा सञ्चालन गरिनेछ ।
- नेपालको कानून बमोजिम विद्यालय तथा सार्वजनिक कार्यालयको १०० मि वरपर जाँड, रक्सी, चुरोट, सुर्ती खैनी जस्ता वस्तुहरुको बेचबिखनमा प्रतिबन्ध लगाउने तथा १८ वर्ष भन्दा मुनिका बालबालिका लाई वितरण नगर्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- बालिका तथा किशोरी सशक्तिकरणको लागि अन्तराष्ट्रिय बाल दिवस, अन्तराष्ट्रिय बालिका दिवसको अवसरमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सडकमा रहेका, अभिभावक विहिन बालबालिकाको संरक्षणका लागि सामाजिक सुरक्षा सहायता सहित वैकल्पिक स्याहारका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। अभिभावक विहिन बालबालिकाको +२ सम्मको शिक्षा गाउँपालिकाको आर्थिक सहायतामा हुने व्यवस्था मिलाइनेछ।

अध्यक्ष
मुल्क बहादुर साह
गाउँ पालिका, पाल्पा

गाउँ कार्यपालिकाको कार्यालय
तिनाउ गाउँपालिका
पाल्पा

- स्थानीय तहमा समाज सेवी तथा बाल मनोविज्ञ सेवाका लागि जनशक्ति तयार पार्न प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालमैत्री स्थानीय शासन लागू गर्ने उद्धेश्यका साथ क्रमश वडाहरुलाइ बालमैत्री वडा घोषणा गरिनेछ ।
- बालबालिका पुर्नस्थापना केन्द्र, ज्येष्ठ नागरिक आश्रय केन्द्र,अशक्त स्याहार केन्द्र स्थापना गरिनेछ ।
- बालश्रम, बालविवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी जस्ता सामाजिक कुरीति तथा कुसंस्कार रोक्नका लागि विभिन्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- २० वर्ष पुरा गरि २० वर्ष उमेर पुरा गरि विवाह गर्ने युवतीलाई नगद सहित सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।
- वि.सं. २०८३ भित्र बालमैत्री गाउँपालिका स्थापना गर्नका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

अपाङ्गता :

- अपाङ्गता भएका व्यक्तिहरुको घुम्ती शिविर मार्फत स्वास्थ्य परिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपाङ्ग परिचयपत्र वितरण शिविर सञ्चालन गरिनेछ ।
- (ग) र (घ) वर्गको अपांगता भएका व्यक्तिहरुको लागि मागमा आधारित स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- (ग) र (घ) वर्गका अपांगता भएका व्यक्तिहरुका लागि उनीहरुको हक, अधिकार सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- (ग) वर्गको अपाङ्गता भएका व्यक्तिहरुका लागि सामाजिक सुरक्षा भत्ताको प्रवन्ध मिलाइनेछ ।
- विपन्न तथा कमजोर आर्थिक अवस्था साथै फरक क्षमता भएका विद्यार्थिहरुलाई छात्रावृत्तिको व्यवस्था गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुले परिचयपत्र प्राप्त गर्न आवश्यक पर्ने अस्पतालको सिफारिस लिन जादा यातायात खर्च उपलब्ध गराइनेछ ।

ज्येष्ठ नागरिक:

- गाउँपालिकाको विकास निर्माण प्रक्रियामा ज्येष्ठ नागरिकहरुको अनुभव र सीपलाई प्रयोग गर्न गाउँपालिका स्तरीय ज्येष्ठ नागरिक मञ्चको स्थापना गरि निजहरुलाई Think Tank का रुपमा प्रयोग गर्ने वातावरण मिलाइनेछ ।
- ज्येष्ठ नागरिकहरुले आफ्नो अनुभव, सीप भावी पुस्तामा हस्तानान्तरण गरी पूर्याएको योगदानको उच्च कदर गर्दै ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।
- ६० वर्ष पुगेका एकल ज्येष्ठ पुरुषहरुलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइनेछ ।
- ज्येष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- ज्येष्ठ नागरिक दिवा मिलन केन्द्र स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

- ज्येष्ठ नागरिक संरक्षणको विषयमा विभिन्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ज्येष्ठ नागरिकहरुको उचित स्याहार सम्भार गर्ने परिवारलाई सम्मान गर्ने कार्यक्रम गरिनेछ ।

**आदिवासी जनजाति, दलित:**

- कार्यक्रमहरु तय गर्दा सिमान्तकृत,दलित,अपांगता भएका,यौनिक तथा लैंगिक अल्पसंख्यक, गर्भवती तथा सुत्केरी महिला,बाबुआमा विहिन बालबालिकालाई विशेष प्राथमिकता दिईनेछ ।
- आदिवासी जनजातिको मौलिक, साँस्कृतिक, सामाजिक, आर्थिक साथै विविध पक्षहरुको संरक्षणको लागि वडास्तरिय सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- रिब्दी गाउँपालिका वडा नं ३ झिरुबास बन्दै गरेको मगर संग्राहलय भवन निर्माणको कार्यलाई प्राथमिकतामा राखि निर्माणको कार्य छिटो सम्पन्न गर्न संघिय सरकार समक्ष समन्वयन गरिनेछ ।
- कुहुले घर, साथै मगर कला र संस्कृतिको संरक्षणमा विशेष जोड दिईनेछ ।
- लक्षितवर्ग अन्तर्गतका बर्गहरुको परम्परागत पेशालाई समयानुकुल परिवर्तन गरी पेशागत सुधारका लागि आवश्यकता अनुसार विभिन्न प्रविधिहरु उपलब्ध गराई स्वरोजगार हुन प्रेरित गरिनेछ। साथै नयाँ तालिमको व्यवस्था पनि गरिनेछ।

**युवा वर्ग :**

- युवाहरुलाई रोजगारी तर्फ आकर्षित गर्न बिभिन्न प्रतिस्पर्धात्मक सेवाका तयारी कक्षाहरु सञ्चालन गरिनेछ ।
- युवा उद्यमीहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- युवा पलायनको क्रमलाई रोक्न उत्पादनमुखी, व्यवसायमुखी तथा रोजगारमुखी कृषि तथा पशुसेवाका कार्यक्रमहरु संचालन गरिनेछ।
- युवा वर्ग, धुम्रपान, मध्यपान तथा दुर्व्यसन तर्फ लाग्न नदिन यूवा लक्षित चेतनामूलक कार्यक्रम लागु गरिनेछ।

**न्यायिक समितिको क्षमता विकास:**

- न्यायिक समितिको कार्य सम्पादनलाई सहज बनाउनको निम्ति न्यायीक समितिका पदाधिकारीहरुलाई आवश्यक कानुनी तालिम संचालन गरिनेछ।
- गाउँपालिकामा सुचिकृत भएका मेलमिलाप कर्ताहरुलाइ क्षमता अभिवृद्धि तालिम गराईनेछ।
- गाउँपालिकामा दर्ता भएका मुद्दाहरुका न्यायिक निरुपणका लागि छुट्टै ईजलास कक्षको व्यवस्था मिलाइनेछ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरि त्यहिँबाट विवाद निरुपण गर्ने व्यवस्था मिलाइनेछ। मेलमिलाप गर्ने प्रयोजनका लागि खटिने मेलमिलापकर्ताहरुका लागि मुद्दा निरुपण गरेमा सो दिनको यातायात खर्च उपलब्ध गराइनेछ।

- न्यायिक समितिले निरुपण गर्ने अधिकार क्षेत्रहरुको विवादका विषयहरु प्रत्येक वडा कार्यलयहरुमा टाँस गरी प्रचारप्रसार गरिनेछ ।
- न्यायिक समितिमा आउने उजुरी दर्ता निशुल्क गरिनेछ ।
- न्यायिक समितिमा उजुरी दर्ता गराउन आउने प्रथम पक्षलाई यातायात खर्चको व्यवस्था मिलाईनेछ ।
- न्यायिक समितिलाई विवाद निरुपणको लागि सहयोग गर्न आवश्यकता अनुसार कानुनी सल्लाहकार नियुक्ति गरिनेछ ।

## पूर्वाधार विकास

### क) सडक पुल तथा झोलुङ्गे पुल:

- सञ्चालनमा रहेका सवै वाटाहरुको मर्मतका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- [illegible] मार्गको आवश्यक स्तरोन्नति गर्दै यस रुटमा यातायातका साधन सञ्चालन गर्नका लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।
- सडकका नयाँ ट्रयाकहरु खोल्ने कार्यलाई निरुत्साहित गर्दै निर्माण भएका सडकहरुको स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।
- गाउँपालिकाभित्र आवश्यक मोटरेवल पुल निर्माणको लागि प्रदेश सरकार र केन्द्र सरकार समक्ष पहल गर्ने तथा DPR हुन बाँकी रहेको ठाउँहरुमा DPR गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।
- पुल आवश्यक भएका स्थानहरु मुरली खोला, सारङ्गी खोला लगायत अन्य खोलाहरुमा पुल निर्माणको लागि संघीय सरकार र प्रदेश सरकार समक्ष पहल गरिनेछ ।
- हरियाली सडकहरुको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ ।
- झोलुङ्गे पुलहरुको आवश्यकतालाई ध्यानमा राखी सम्भाव्यता अध्ययन कार्यका आधारमा संघीय सरकारसंग [illegible] पहल गरिनेछ ।

### ख) सिंचाई तर्फ :

- सिंचाईको सुविधावाट वञ्चित खेत तथा फाँटहरुमा आवश्यक बजेटको व्यवस्था गरि कृषि उत्पादनमा जोड दिइनेछ ।
- अधुरा रहेका सिंचाई योजनाहरुलाई निरन्तरता दिइनेछ ।
- मझौला तथा ठूला सिंचाई योजनाहरुको पहिचान गरी सिंचाई डिभिजन, प्रदेश सरकार र केन्द्र सरकारसंग योजना माग गरि सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।
- आवश्यक सिचाई प्रबन्ध मिलाउन संघ सरकार तथा प्रदेश सरकार संग समन्वय गरिनेछ ।

### ग) भवन तथा सहरी विकास

- भवन संहिता मापदण्ड र नक्सा पासको अवधारणा कार्यन्वयन गरिनेछ ।
- भवन संहिताको सुविधा सम्पन्न  गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माण कार्य छिटो छरितो रुपमा निर्माण सम्पन्न गरिनेछ ।
- निस्दी गाउँपालिका क्षेत्रभित्रका जग्गाहरुको अध्ययन अनुगमन तथा सम्भाव्यवता अध्ययन गरी नयाँ दररेट कायम गरिनेछ ।
- एक वडा एक सामुदायिक भवन निर्माण कार्यलाई सञ्चालन गरिनेछ ।

## उर्जा, लघु तथा साना जलविद्युत:

- निस्दी गाउँपालिका र विद्युत प्राधिकरण पाल्पा शाखा बिच सम्झौता भई कार्यान्वयनको चरणमा रहेको विद्युत विस्तारलाई सम्पन्न गर्न आवश्यक पहलकदमी र बजेट विनियोजन गरिनेछ ।
- विद्युत लाइन विस्तार भएको ठाउँहरुमा आगामी आ.व. भित्र विद्युत बाल्न आवश्यक समन्वय गरिनेछ ।
- हावाबाट उत्पादन हुने विद्युतलाई दिर्घकालिन रुपमा प्रयोग गर्न आवश्यक मर्मत सम्भारको व्यवस्था मिलाइनेछ ।
- यस गाउंपालिका क्षेत्रवाट वग्ने दुई ठूला खोलाहरु (निस्दी र आरुङखोला)मा विद्युत उत्पादनको संभावनालाई ध्यान दिदै संभाव्यता अध्ययनको लागि विभिन्न निकाय संग आवश्यक समन्वय गरिनेछ ।
- गाउंपालिका भित्र विभिन्न टोल बस्तीमा संचालनमा रहेका लघु जलविद्युतलाई नियमित संचालनको व्यवस्था मिलाइनेछ ।
- भौतिक पूर्वाधार तर्फको नीति तथा योजनाहरुको सफल कार्यन्वयन पश्चात निस्दी गाउँपालिकालाई उत्थानशिल गाउँपालिकाको रुपमा विकास गरिनेछ ।

## सूचना तथा सञ्चार तर्फ:

१. सर्भर राखी डाटा,सफ्टवेर लगाएत अन्य कार्य गरिनेछ ।

२. प्रत्येक वडा तथा गा.पा मार्फत कर तथा शुल्कहरु e-billing गरिनेछ ।

३. सफ्टवेरमार्फत पारिवारिक लगत संकलन गरि डीजीटल database तयार गरिनेछ ।

४. ROAD INVENTORY तयार गरि गा.पा भित्रका सम्पूर्ण टोल डिजिटल database तयार गरिनेछ ।

५. गा.पा भित्रका महत्पूर्ण स्थानहरुलाई GIS MAP तयार गरिनेछ । सम्पूर्ण बस्तीहरुको नक्शा तयार गरिनेछ ।

६. प्रत्येक शाखाहरुबाट फाईलहरु सर्भर BACKUP गरिनेछ ।

७. जोखिम युक्त क्षेत्रहरुलाई GIS map man समट्नेछ ।

८. प्रत्यक वडा मा सोलार / invertor को व्यवस्थापन गरिनेछ ।

९. गाउँकार्यपालिकाको बैठकलाई Paper less बनाउन सदस्यहरुको लागि Computer Training तथा सूचना प्रविधि सम्बन्धी क्षमता विकास गरिनेछ । (जनप्रतिनिधि/कर्मचारी)

## वन, वातावरण संरक्षण तथा विपद व्यवस्थापन :

- निस्दी गाउँपालिकामा रहेका विपत जन्य क्षेत्रको पहिचान गरि नक्सांकन गरिनेछ ।
- गाउँपालिकामा विपद व्यवस्थापन कोष स्थापना गरी पिडित घर परिवारलाई राहत सामाग्री व्यवस्थापन गर्न पूर्व तयारी गरिनेछ ।
- स्वास्थ्य सम्वन्धी महामारी रोग नियन्त्रण सम्वन्धी सचेतना कार्यक्रमहरु संचालन गरिनेछ ।
- वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धनको लागि गाउंपालिकाले वनको नर्सरी स्थापना गर्न जिल्ला वन कार्यालय तथा इलाका वन कार्यालय संग आवश्यक समन्वय गरिनेछ । नाङ्गो डाँडाका रुपमा रहेका वन

अध्यक्ष
मुक्त बहादुर सारु
निस्दी गाउँ पालिका, पाल्पा

क्षेत्रहरु कबुलियति वनका रुपमा ग्रहण गरि माटो सुहाउदो फलफूल, तरकारी तथा जडीबुटी खेती गर्ने प्रयोजनका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- गाउँपालिकाको विपद उत्थानशील कार्ययोजना निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।
- डिभिजन वन कार्यालय तथा सव-डिभिजन वन कार्यालयको सहयोग, समन्वय र सहकार्यमा वन सम्बन्धी बिभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- प्राकृतिक प्रकोपबाट हुने जोखिमयुक्त वस्ती तथा ठाँउहरुको पहिचान गरि उचित तटबन्धन र वृक्षारोपण कार्यक्रम गरिनेछ ।
- विपद व्यवस्थापनको कार्यहरु संचालनको लागि वातावरण तथा विपद् व्यवस्थापन समितिलाई जिम्मेवार वनाइनेछ ।
- खोला किनारवाट अनधिकृत रुपमा ढुंगा, गिट्टी तथा वालुवा निकासी कार्यलाई पूर्णत रोक लगाई वैधानिक रुपमा निकासीको व्यवस्था मिलाइनेछ ।
- सामुदायिक वन व्यवस्थापनमा जोड दिइनेछ ।
- प्रत्येक वडामा विपद् व्यवस्थापन गर्न सामाग्रीको व्यवस्था गरिनेछ ।

**५. संस्थागत विकास तथा सेवा प्रवाह :**

- सरल, छिटो छरितो र प्रभावकारी सेवा प्रवाहलाई प्राथमिकता दिंदै दैनिक प्रशासनिक कार्य संचालन गर्नको लागि आवश्यक पर्ने लेखा, पञ्जिकरण, सम्पती कर, योजना लगाएत सवै प्रकारका सेवा डिजिटल माध्यमबाट सरलीकृत गरी सेवाग्राहीहरुलाई चुस्त सेवा दिईनेछ ।
- जनतालाई चुस्त दुरुस्त सेवा प्रवाह तथा सहजताको लागि प्रत्येक वडामानै योजनाको सम्झौता तथा फरफारकको लागि शिविर संचालन गरिनेछ ।
- उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गर्दै प्रभावकारी सेवा प्रवाहमा जोड दिन कर्मचारीलाई उत्प्रेरणा तथा प्रोत्साहनको कार्यक्रम ल्याइनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीको समयानुकुल क्षमता विकासको लागि विभिन्न तालीम, गोष्ठी तथा प्रविधि मैत्री ज्ञानको विकासमा जोड दिइनेछ । अनुभव आदान प्रदान सम्वन्धी बिभिन्न तालीम तथा भ्रमणका अवसरहरु सिर्जना गरिनेछ ।
- अरु स्थानीय तहमा भए गरेका राम्रा कामहरुको अनुसरण गर्दै त्यसको प्रभावकारिताको आधारमा यस गाउँपालिकामा पनि लागु गरिनेछ ।
- निस्दी गाउंपालिकालाई आर्थिक तथा सामाजिक क्षेत्रमा समृद्ध वनाउनको लागि (गरिवी निवारण, जातीय छुवाछुत मुक्त, बालमैत्री, बाल विवाह रहित आदि जस्ता) विभिन्न कार्यकमहरु संचालनमा ल्याइनेछ ।
- निस्दी गाउंपालिकाको रणनैतिक योजना निर्माणको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।
- सरकारी, सहकारी तथा निजी क्षेत्र संग सहकार्य गर्दै सामाजिक तथा आर्थिक विकासका कार्यकमहरु संचालन गरिनेछ ।
- विषयगत विज्ञसंगको परामर्शमा विकास निर्माण कार्यलाई अगाडी वढाइनेछ ।
- अनुगमन कार्यलाई मासिक रुपमा क्षेत्र तथा दिन तोकि नियमित गरिनेछ ।
- निस्दी गाउंपालिकामा राम्रो कार्य गर्ने कर्मचारीलाई पुरस्कृत गरिनेछ ।
- निस्दी गाउँपालिकाबाट प्रवाह हुने सेवालाई थप नागरिक मैत्री बनाउन घुम्ती शिविर संचालन गरिनेछ ।

- निस्दी गाउँपालिका अर्न्तगतका सम्पूर्ण कर्मचारीहरुको तलब समयानुकुल वृद्धि गरिने छ । गाउँपालिका तथा वडाका कर्मचारीहरुलाई प्रोत्साहन गरि सेवा प्रवाहलाई नागरिक मैत्री बनाउन  स्थानीय भत्ता र प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- स्थायी कर्मचारीहरुलाई संघीय सरकार र लुम्बिनी प्रदेश सरकारले तोके अनुसारको पर्यटन काजको व्यवस्था गरिनेछ ।
- घटना दर्ता कार्यक्रम अनलाइन बनाउने व्यवस्था मिलाइनेछ ।

६. **वित्तिय व्यवस्थापन र सुशासन**

क). **राजश्व परिचालन तर्फ :**

- स्थानीय जनतालाई कर प्रणाली सम्वन्धी जानकारी गराउने उदेश्यको साथ कर शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
- नक्सा पास गर्दा अति विपन्नलाई छुट दिइनेछ ।
- सामुदायिक, निजी, र कबुलीयती वन गाउँपालिकामा सूचिकृत गरी आन्तरीक राजस्वमा वृद्धि गरिनेछ ।
- गाउँपालिकाबाट घ वर्गको इजाजत पत्र प्रदान गरि आन्तरिक राजस्वमा वृद्धि गरिनेछ ।
- गाउँपालिकामा सूचीकृत हुन आउने संस्था तथा प्राइभेट कम्पनीलाई करको दायरामा ल्याइनेछ ।
- प्रगतिशिल सम्पत्ति कर प्रणाली लागू गरी गरिव जनताबाट उठाइने करमा कमि गरिनेछ ।
- राजश्व संकलन कार्यलाई प्रभावकारी र पारदर्शि वनाउनको लागि सफ्टवेरको विकास गरी लागु गरिनेछ ।
- संकलित कर समयमै गाउँपालिकाको खातामा जम्मा गराई यसको पारदर्शितामा जोड दिइने छ ।
- कर उठाउने कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा संग कार्य सम्पादन करार सम्झौता गरिनेछ र सम्झौता बमोजिम कर उठाउने वडा कार्यालयका कर्मचारीलाई पुरस्कृत हुने व्यवस्था मिलाइनेछ ।
- उपलब्ध श्रोतहरुको प्रभावकारी तथा दिगो परिचालन गर्दै गाउंपालिकाको आन्तरिक श्रोत वृद्धिको लागि राजश्वका थप क्षेत्रहरुको खोजी गरिनेछ ।

ख). **वित्तिय अनुशासन र सुशासन तर्फ** :

- गाउँपालिकालाई दिर्घकालिन आर्थिकभार तथा दायित्व वृद्धि नहुनेगरि निर्णयहरु गरिनेछ ।
- आर्थिक ऐन र खरिद ऐनको पूर्ण अधिनमा रहि उपभोक्ता समिति मार्फत हुन सक्ने कार्यहरु सोही मार्फत र नसक्ने ठूला कार्यहरु टेण्डर मार्फत गर्ने नीति लिइनेछ ।
- हेवि इक्यूमेन्ट  प्रयोग  गरी योजना संचालन गर्दा उपभोक्ता लागत सहभागीता १०% लाई  निरन्तरता दिइनेछ ।
- निस्दी गाउँपालिका अर्न्तगतका सम्पूर्ण मेशिनरी सामाग्री प्रयोग नहुने योजनामा जनसहभागिताको सट्टा जनश्रमदानको व्यवस्था गरिनेछ ।
- हेवि इक्यूमेन्ट प्रयोग गरी योजना संचालन गर्दा उपभोक्ताको तर्फबाट व्यहोर्न पर्ने जनसहभागिताको रकमको दुरुपयोग हुन नदिन उपभोक्ताले लागत सहभागिता बापत उठाउनुपर्ने १० % रकम  उपभोक्ता समितिको खातामा जम्मा गरी उक्त रकम रोक्का गरिनेछ र योजना सम्झौता प्रक्रिया अगाडी बढाईनेछ ।
- निस्दी गाउंपालिकाको विभिन्न योजनाहरुको लागत अनुमान तयार गर्दा आकस्मित खर्च(कन्टेन्जेन्सी खर्च) बापत ३% गराईएकोमा सो लाई निरन्तरता दिइनेछ र सो रकम बापतको काम गर्न नपर्ने व्यवस्था मिलाइनेछ ।

अध्यक्ष
मुक्त बहादुर साह
गाउँ पालिका, पाल्पा

- कुनै पनि योजनाको जिवन्त तत्व उपभोक्ता समिति भएको हुंदा उपभोक्ता समितिको क्षमता विकासको लागि वडा वडामा लागि तालिम कार्यक्रम संचालन गरिनेछ ।
- ३ लाख भन्दा माथिको योजनामा अनिवार्य रुपमा होडिङ्ग वोर्ड राख्न लगाइने छ र सो बापतको रकम इष्टिमेटमा नै व्यवस्था गरिनेछ ।
- योजनाको फरफारक जेष्ठ मसान्त भित्र गरिनेछ ।
- अघिल्लो आ.व. का वेरुजुलाई फस्यौट गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।
- लैंगिक उत्तरदायी वजेट निर्माणमा जोड दिईनेछ ।.
- सुशासन प्रवर्द्धनमा जोडदिन गाउँपालिकामा आउने गुनासोहरुलाई व्यवस्थित गर्नको लागि गुनासो अभिलेख गर्ने, सुझाब सुन्ने, त्यसको रेकर्ड राख्ने तथा गुनासो संबोधन गर्ने प्रणालीको विकास गरिनेछ ।
- सार्वजनिक सुनुवाई प्रत्येक चौमासिकमा संचालन गरिनेछ, नागरिक वडापत्र आदिको माध्यम द्वारा वडा तथा गाउंपालिका तहमा सुशासन प्रवर्द्धनमा जोड दिइनेछ ।
- विकास निर्माणका गतिविधिहरु आम नागरिक संग पु-याउनको लागि संचार माध्यमको प्रभावकारी उपयोग गरिनेछ ।
- प्रचारमुखी भन्दा प्रभावमुखी विकास निर्माण र सेवा प्रवाहमा जोड दिइनेछ ।
- संचार क्षेत्रको प्रभावकारी परिचालन तथा सूचना सम्प्रेषण गर्न तथा संचार क्षेत्रसंगको सम्पर्क समन्वयलाई एकरुपता ल्याउन जिल्ला पत्रकार महासघं संग समन्वय गर्दै एक अर्काको परिपुरकको रुपमा अगाडी बढीनेछ ।
- रु ५,००,०००।- वा सो माथिका योजनाको अनुगमन  गाउँपालिका स्तरीय अनुगमन समितिले गर्नेछ ।
- एक आर्थिक वर्षमा एक योजनाको अनुगमन नियमित रुपमा गरिनेछ ।

## प्रधानमन्त्री रोजगार

प्रधानमन्त्री रोजगार कार्यक्रम लाई वार्षिक वजेटमा समावेश गरीनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको बजेटमा गाउँपालिकाको वजेट म्याचिङ गरी रोजगार प्रदान गरिनेछ , त्यसका लागी आवश्यक बजेट बिनियोजन गरिनेछ ।

अध्यक्ष
सुरज बहादुर सारु
निस्दी गाउँ पालिका, पाल्पा

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश नेपाल
निस्दी, पाल्पा

नीति तथा कार्यक्रम साध्य होइन केवल साधन मात्र हो । यसको प्रभावकारी कार्यान्वयन गर्न सकेमा मात्र हामीले परिकल्पना गरेको सुखी र समृद्ध निस्दीको सपना साकार हुन सक्छ । नीति सुहाउदो कार्यक्रम तथा योजना छनौट तथा त्यसको प्रभावकारी एवम् गुणस्तरीय कार्यान्वयन बाट हामीले लिएका लक्ष्यहरु क्रमश पूर्ति  हुदै गाउँपालिका बिकासका दृष्टिले नमूना गाउँपालिकाको रुपमा स्थापित हुने कुरामा हामी विश्वस्त हुन सक्छौ । समृद्ध निस्दीको परिकल्पना साकार पार्ने दिशामा गाउँपालिका भित्रका सम्पूर्ण आमा बुवा दाजुभाई तथा दिदिबहिनीहरु, क्रियाशील सम्पूर्ण राजनैतिक दलका प्रमुख तथा प्रतिनिधीहरु, निर्वाचित जनप्रतिनिधीहरु, नागरिक समाज, बौद्धिक वर्ग, बिभिन्न संघ संगठनका प्रमुख तथा पदाधिकारीहरु, कर्मचारीहरु, शिक्षकहरु, स्वास्थ्यकर्मीहरु, पत्रकार सबैले होस्टेमा हैंसे तथा खबरदारी गर्दै एकजुट भएर नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा लाग्नुहुन तथा सहयोग गर्नुहुन सबैलाई हार्दिक अपिल गर्न चाहन्छु ।

अन्त्यमा यो नीति तथा कार्यक्रम तयार पार्न सहयोग गर्नुहुने सम्पूर्णलाई हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्दै आफ्नो बार्षिक नीति तथा कार्यक्रम प्रस्तुतीकरण यही अन्त्य गर्न चाहन्छु ।

धन्यबाद जय निस्दी ।

अध्यक्ष
गुप्त बहादुर सारु
निस्दी गाउँ पालिका, पाल्पा

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल पाल्पा